कमरेड देव गुरुङ
केन्द्रिय समिति
ने.क.पा.(माओवादी)

५माघ, २०८०

विषयः स्पष्ट गरिएको बारे ।

मंसिर २० मा जाजरकोटको रिम्नामा रहेको मेरो घर कम्पाउण्डमा भएको भनिएको घटनाको सन्दर्भमा स्पष्ट पार्न पत्राचार गर्नु भएकोमा धन्यवाद । तपाईहरुले मलाई पार्टी बाट निकाल्ने निर्णय करिव गरिनै सकेकोले मलाई पनि स्वतन्त्रता प्राप्त हुने र निष्फिक्री मेरो कुरा दुनियालाई भन्न पाईने ठानेको छु र यो संभ्रेर मेरो मन साँच्चिकै चंगा भएको छ ।

**घटनाको पृष्टभूमिः**

मंसिर १८ साँझ तपाई, प्रदेश पार्टीको ईन्चार्ज र अध्यक्ष मेरो घरमा बास बस्न पुग्नु भयो । मैले मेरो पार्टीको माहासचिवलाई सक्दो राम्रो व्यवस्थापन मैरै हातले गरे । (बेड विस्तरा मिलाउने , बाथरुमको सरसफाई गर्ने, तातोपानी र खाना राख्ने आदि सबै) । भुकम्पले सर्वाधिक क्षेत विच्छेद भएको मेरो पालिकामा, मेरै आस्थाको धरोहर पार्टीको माहासचिवले, चिनियाँ कम्युनिष्ट पार्टीको तर्फबाट पठाईएका सहयोग सामाग्री लिएर आउदा र अफैले यो लिएर आउने कमरेडहरुलाई सत्कार गर्न पाउदा मेरो मनमा अर्कै खालको उमंग र खुशि थियो । त्यो मेरो खुसी तपाईहरुले त्यो साँझको शुरुमा महशुस गरेको हुनु पर्छ ।

खाना खाई सकेपछि देवगुरुङ.को कोठामा म, प्रदेश अध्यक्ष विमला के.सी. र देब गुरुङ. बसिरहेको बेला करिब साँझको ८ वजेतिर एक जना प्रबेश गरे जसको त्यहाँ प्रतिक्षा गरिएको थियो । स्वागत सत्कारमा सिपालु कमरेड बिमलाले आगन्तुकको उत्कृष्ट सत्कार गरी मलाई उहाँको परिचया गराउनु भयो । उहाँ Global Cooperation For Development को Country Director श्री मुक्ति मरासिनी (बाग्लुङ.) हुनुहदो रहेछ । मैले उहाँ नै यो सामाग्री र वितरणको मुख्य जिम्मेदार हो भन्ने बुझे पछि, तपाईको सामान काठमाण्डौमा पार्टी प्रमुखलाई नमूनाको रुपमा हस्तान्त्रण गरिए जस्तो छैन रे वितरण पनि जताभावी छ रे के हो ? भनेर सोधे । जवाफमा उहाँले त्यस्तो नभएको भन्नु भयो । मेरो पालिकामा यस अधि नै ने.क.पा.(एमाले) र समाजवादीले समान बाँडि सकेको थियो । (उक्त सामान चार मुख्य पार्टीले ५०० प्याकेटको दरले बाँड्नु पर्ने थियो । ) र त्यसरी सामान बांड्ने स्थानिय नेताहरु विगतमा एकै पार्टीमा हुदा मेरा कार्यकर्ता रहेका र सबै सुख दुख आपसमा शेयर गर्दै आएका साथीहरु थिए । ती मध्य एक जनालाई मैले फोन गरे चाईनीजहरुको समान वितरण कसरी भै रहेको छ भनेर सोधे र ठूलो आवाजमा उहाँ हरुलाई सुनाए उताबाट जवाफ आयो सामान जस्को भर्पाई गराए पनि हुन्छ समान जस्लाई दिए पनि हुन्छ कमरेड । मरासीनी जि त्यो सुने पछि आफ्नो सही छ भन्ने अडान बट झर्नू भयो र भन्न थालनु भो, अरु पार्टीले मजाले खा का छन् । खान जानेका छन् तपाईहरु खान नजानेर यत्रो सानो पार्टी भाको छ खानु पर्छ कमरेड, हामीलाई कसैको भर्पाइ दिनुस, समान बुझेर लानुस र मजाले खानुस । उनले निस्फिक्रि यो कसरी खान र लुट्न सकिन्छ भनेर प्रशिक्षण चलाउन थाले । मेरा आस्थाका धरोहर माहासचिव कमरेडले त्यो मरासीनिलाई मज्जाले हफ्काउलान भनेको त मख्ख परेर सुनेका छन् । मैले यस्तो नाँगो लुटपातको सल्लाह कहिल्यै देखेको सुनेको थिईन । माहासचिव कमरेड त्यो रात संझिनुस । मातृका दाई अर्कै कोठामा हुनुहन्थ्यो । मलाई लाग्छ उहाँ त्यहि भएको भए मरासिनीको सातो जान्थ्यो ।

म कोठाबाट तल कम्पाउण्डमा झरे, सामान लोड भै रहेको थियो । एउटा परिवारले पाउने समानको प्याकेज हेरे , मन्जन, बुरुस, साबुन सानो टावेल, १ थान कुकर , १ थान ज्याकेट, इत्यादि । मोवाईलमा हिसाव गर्छु १०हजारको पनि पुग्दैन । माघव नेपालले ५० लाख युवानको सहयोग भन्थे । नेपाली रुपैया ९ करोड २० लाख हुन्छ । १ करोड २० लाख प्रशासनिक खर्च, बाँकि ८ करोडको ४ पार्टी लाई ५००को दरले २ हजार पोका

। एक पोको चालिस हजारको हुनु पर्ने, छैन । ए माधवले सोलार पनि भन्थे त सोलार खै ? छैन । माथि कोठामा कार्यक्रम संयोजक हामीलाई खानु पर्छ कमरेड भनेर सल्लाह दिदै छ । तल समानको यो हाल छ । क्याल्कुलेटर ले ठूला भष्टाचारको नाँगो हिसाव देखायो । कसैगरि १० हजार काट्दैन त । विहान मात्र देव गुरुङ.ले प्रत्यक प्याकेज २३ हजारको छ भनेर मुसिकोटमा पत्रकारलाई जानकारी गराएर आएका हुन् । खै छदै छैन त ?

आठविसकोटको समान गयो त भनेर ती कामदारलाई सोधे । छैन भने । माओवादीको भाँगको ५०० प्याकेज कहाँ गयो भनेर सोधे । २०० सानी भेरी २०० नलगाड १०० भोली यहि भेरी न.पा.मा जाँदैछ । आठविसकोट जाँदैन ? जवाफ आयो अहाँ जाँदैन । माहासचिव भोली आठविसकोटमा समान बाँड्न जादैछन त ? जवाफ आयो खै थाहा छैन । ( बिमलाले घरि घरी यो संस्थाले भर्पाई मागेको मार्यै गर्‍यो भनेर सुनाउथिन, सानीभेरी बाट भपाई दिएर समान त उता पठाई सकिछन, चोर चण्डाल हुन्छ भने भै त्यो संस्थाले जनताले समान नबुझिकनै बुझेको भर्पाइ बनाउदो रहेछ र पछि मात्र समान पठाउदो रहेछ )

ठूलाहरुले ७५ प्रतिसत लुटेर बचेको २५ प्रतिसतको पोको पनि भुकम्पले अति प्रभावित क्षेत्र आठविसकोट बाट प्रदेश पार्टी अध्यक्ष बिमलाले लुट्यो । जनता लुटिएको कहालिलाग्दो दृश्य क्षेणभर मै छ्याड. भएर आयो । चिनियाँ जनताले यहाँको भुकम्प पिडितलाई पठाएको हिसावले त्यो आठविसकोट जाने सामान ३० देखि ३५लाख बराबरको हुनु पर्ने । विचमा ठूला बडाहरुले लुटेर बचेको १० लाख बराबरको सामान हुन्थ्यो । त्यो पनि विमलाले लुटेर सानी भेरी पठाए पछि आटविसकोटे जनताले ० पायो । मर्ने एकातिर मोज गर्ने अर्के तिर । यीनका कर्तुत...।

**आठविसकोट जाने सामान लुटिएको सन्दर्भमा भएको छलफल:**

- बिमला बाट सामान फिर्ता गर्छु भन्ने कुरा आयो, उता भर्पाइ गरिसकेका जनतालाई के भन्छौ भन्दा हामी मिलाउछौं भन्ने मात्र भयो । यो सार्वजनिक संपत्ति हो भर्पाइ गरेका पूर्तिमकाँडाका पिडित संग सार्वजनिक रुपमै माँफि माग भन्दा सार्वजनिक रुपमा माँफि नमाग्ने कुरा भयो । आठविसकोट ले सार्वजनिक माँफि नमागे सम्म सामान नबुझ्ने अडान राखी रहयो ।
- दिउसो मातृका कमरेडले मलाई फोन गरेर विमलाले गल्ती भयो भनि सक्यो यो समान बुझ्नुस यो कुरा भित्रै मिलाउने हो, किन सार्वजनिक होहल्ला गर्ने भनेर फोन गरेको हो र मैले सार्वजनिक रुपमा माँफि माग्नु पर्‍यो भनेको हु ।
- देब गुरुङ.ले पनि विमलाले गल्ती भयो भनि सकेपछि तपाईहरुले मान्नु पर्‍यो नी भन्नु हुन्थ्यो । हामीले गल्ती भयो भनेर हामी संग होईन पूर्तिमकाँडाको जनता संग भन्नु पर्‍यो र जनता संग गरेको भर्पाई जनतालाई फिर्ता गर्नु पर्‍यो भनेको हो । उहाँहरु सहमत हुनु भएन । र आठविसकोटमा चिनियाँ समान गएन ।

**मरासिनिको संस्थाले गरेको संभावित भ्रष्टाचार बारे छानविन गर्न भएको प्रयास:**

- १९ गते विहानै मैले रुकुमको प्रमुख जिल्ला अधिकारीलाई फोन गरेर यो सामानको गुणस्तर हेर्नुस, मुल्याकन गर्नुस यो मुक्ति मरासिनीको संस्थाले व्यापक भष्टाचार गरेको छ र भ्रष्टाचार गर्न जान्नु पर्छ भन्दै हिडेको छ भने र मरासिनिको फोन नं. सिडियो सापलाई म्यासेज गरे ।
- कान्तिपुर, नयाँ पत्रिका लगाएतका जिल्ला स्थित संचारकर्मी र पत्रकार माहासंघ रुकुमको अध्यक्ष समेतलाई मरासिनीको नं. पठाई यो सामाग्री र वितरण बारे चासो राख्न अनुरोध गरे ।
- पछि सि.डि.ओ र पत्रकारहरुलाई के बुझियो भनि सोधनी गर्दा त्यो मरासिनीले फोन उठाउदैन र उठाईहाल्यो भने पनि आनाकानी गर्छ विवरण दिदैन भन्ने जवाफ पाईयो ।
- यसले ठूला दलको कभरमा कसैलाई नटेर्ने देखि पछि म आफैले मरासिनिलाई मेरो घरमा बोलाई विवरण दिन भने, दिन मानेन, अहिले छैन पछि दिन्छु भन्यो । अनि मैले उसलाई कमसेकम तेरो यो लुटको धन्दा मेरो घर कम्पाउण्डमा सामान राखेर नगर भनेको उस्ले हस म अर्कै ठाउमा लैजान्छु यहाँ राखदिन भन्यो ।

- साँझ देब गुरुङ बास बस्न मेरो घरमा आईपुगे । मैले उनलाई चियाँ दिए र तपाईले जनतालाई दिने भनेको सोलार छैन । सामानको गुणस्तर छैन मरासिनिलाई सोध्नुस भन्दा उही संग चोचो मिलाएर हिड्नु हुन्छ, तपाई यो भष्टाचारलाई सदर गर्न आएको रहेछ । म भष्टहरुलाई मेरो घरमा बास दिन्न भने पछि उहाँले कालो निलो अनुहार लगाउनु भयो । एक शब्द बोल्नु भएन । खाँदा खाँदैको चिया गिलासमा छोड्नु भयो र कोठामा गई झोला कसेर निस्कनु भयो । उहाँको म संग विदा माग्ने र अनुहार देखाउने साहास भएनछ र पि.एस.ओ. लाई हामी हिड्यौं भन्न म कहाँ पठाउनु भयो । मैले मेरो घरको छतबाट हेर्दा देब गुरुङ एउटा गार्डको साथमा मेरो घर अगाडि भुकम्पले भत्काएका भग्नावसेसको विचबाट लुरुलुरु हिड्दै थिए । आफैले श्रद्धापूर्वक हिजो साँझ स्वागत गरेको मेरो पार्टीको माहासचिवको यो बेहाल देख्दा मनको कुनामा थोरै नमिठो मलाई पनि लागेको हो तर मैले भुकम्प पिडित नाँगा भुतुङ्गा अभिभावक गमुएका केटेकेटीहरु, साहारा गुमाएका बुढाबुढीहरु संझे, मरेका मानिसका अनुहारहरु संझे र यी अफठ्यारो स्थितिमा रहेका जनताको नाँसोमा गिद्धेदृष्टि लगाउने अपराधिलाई लखेटेकोमा उनीहरुको आत्माले मलाई धन्यावाद दिए जस्तो लाग्यो । मन हलुगो भयो र त्यो रात निकै आरामले सुतियो । भ्रष्टहरुलाई सबैतिरबाट यसरी नै लखेट्न जरुरी छ । उनीहरु त्यो रात जाजरकोट सदरमुकामको होटेलमा बसे भन्ने सुनियो ।

- आज यो लेख्दै गर्दा सोच्दछु कि त्यो नैतिक हराम र नाँगो साबित भएर मेरो घरबाट भागेको गुरुङले स्थाई कमिटि बैठकमा मलाई कार्वाही गर्ने प्रस्ताव राख्दा, स्पष्टिकरण लेख्दा र पत्रमा सही गर्दा उस्को हात काँपेन होला ?
- मेरो पार्टीको अध्यक्ष र स्थाई कमिटिले राम्ररी विचार गरोस मलाई कार्वाही गर्ने हो कि यी नैतिक हराम माहासचिव र जनताको नाँसो विच बाटोमा लुट्ने प्रदेश अध्यक्ष जस्तालाई ?? यो पार्टी चोरको चौतारी हो ? साधुलाई सुली हो ???
- मेरो पार्टीको अध्यक्ष देशको प्रधानमंत्री समेत भएकोले भुकुम्प प्रभावितको राहातको नाममा हुने भ्रष्टाचार र अनियामितताको गंभिरतापूर्वक छानविन गर्न अपिल गर्दछु । चिनियाँ जनताले यहाँका पिडित जनताको लागि पठाएको नाँसो लुटिखाने चिनियाँ पक्ष र नेपाली पक्षका अधिकारीहरुको पहिचान गरि कार्वाही गर्न अनुरोध गर्दछु ।

**स्पष्टिकरण सोधिएको घटना बारेः**

बिहान भरी अस्थाई आवास बनीरहेका स्थानहरुमा सहजीकरण गर्दै करिब १ वजेतिर म मेरो घरमा फर्के । आगनमा मुक्ति मरासीनी लगाएतको टोलीले आफ्नो समान गाडिमा लोड गर्ने, लेखापडि गर्ने गरिरहेको रहेछ । मैले यो समान कहिले हटाई सक्ने भने, उनले आजै हटाउछौं सर भनेर नम्रता पूर्वक बोले । मैले माधव नेपालले प्याकेजमा सोलार स्टिम पनि छ भन्थे खै त भने उनले आउछ सर भने । यत्तिकैमा पहिल्यै देखि रोकि राखेको गाडिबाट एक जना महिला निस्किन र तिमि को हो भन्दै (अंग्रेज मात्र बोल्ने महिला) म तिर आईन मैले मेरो परिचय दिए । उनले केहि कम्प्लेन छ ? भनिन । मैले केहि त भन्नु छ तर मेरो अंग्रेजी राम्रो छैन कसैले अनुवाद गरिदिए भनौला भने । मरासिनी अनुवादको लागि अगाडि सरे तर उनले यत्तिको अंग्रेजी भए म बुझिहाल्छु भन्दै मरासिनीलाई अनुवाद गर्नबाट रोकिन र मलाई कम्प्लेन गर भनिन । अनुवादकले तथ्या बंगायाएर अनुवाद गर्‍यो भने म गुमराहमा परिन सक्छु भनेर उस्लाई हटाईन झै लाग्यो । चाईनबाट काम सहि भएको छ छैन भनि बुझ्न आएकि होलिन भनेर मैले विस्तारै टुटेफुटेको अंग्रेज बोल्दै कुरा शुरु गरेः तिम्रो नेपाली साझेदारले राम्रो काम गरेको छैन, यी यसरी कुहिएका कम्मलहरु (नजिकै टिनको टहरा मा कुहिएका कम्बल र कम्बलका खोलहरु थुपारिएको थियो ।) ल्याएको छ, अन्य सामाग्रीको पनि गुणस्तर छैन् , सोलार स्टिम भनिएकोमा ल्याउदै ल्याएन, एकातिरको मानिसलाई समान बुझेको नक्कली भर्पाइ कोठामा बसेर बनाउछ र समान अर्कै तिर दिई रहेको छ भने , यति भन्दै थिए, त को होस यो कम्प्लेन गर्ने ? बाहिर जा भनेर ती महिलाले त मलाई झम्टेला झै गरिहालिन । म अलिक पछि सरे बाहिर जा भन्दै म तिरै आई हालिन, त्याहाँ सामान लोड गरिरहेका स्थानिय भाईहरुले (लोड गर्ने मजदुरहरु) तपाईमाथि हातपात गर्छन कि दाई यीनका हातखुट्टा भाँचेर लखेटौं भन्दैं अगाडि सरे मैले यस्लाई नछोउ, यो खराव नियतले आएको छ हामीलाई फसाउछ भनेर उनीहरुलाई रोके । मरासिनी लगएत नेपाली पक्षले यी लोड गर्ने मज्दुरहरुले अब

आफूहरुलाई नै कुट्छन भन्ने बुझि सके र त्यो महिलालाई रोक्न खोजे । म पछाडि कुर्सि रहेछ त्यसमा बसे । त्यो महिला रोक्दा रोक्दै म बसेको ठाउतिर आएर पुन गेट बाहिर जा भन्न थाल्यो । अब मेरो पनि रिसको पारो तातियो । म कुर्सिबाट उठे र यो घर मेरो हो, यो जमिन र समान राखेको ठाउ मेरो हो त किन मेरो कम्पाउण्डमा आएर झगडा गर्न खोज्दैछेस गेट बाहिर त जा भने । उस्को गाडि चालक नेपाली नै थियो उस्लाई गाडि निकाल भने र त्यो महिलाले रोक्दारोक्दै गाडि गेट बाहिर गयो । उनीहरुले अब हामीलाई यी लोड गर्ने मज्दुरले पिट्छन भन्ने लागेर डरले काँपी रहेका थिए ।

यो मेरो घर हो भन्ने बुझे पछि ती महिलालाई म संग विवाद गर्ने ठउँ रहेन, उनले यस्को घरमा समान किन राखेको भन्दै आफ्नो टोलीलाइ बेस्सरी रिसाईन , गाडिमा गएर ५०० दरको नोटको मुठो निकालीन र उनीहरुलाई पैशा दिईन् । गाडि खोजेर त्यो चौकि अगाडि सामान राख भनिन । निकै बेर बेस्सरी फतफताई रहेकि थिईन् । मैले कुर्सिमा बसेर तमासा हेरे, सामान लोड अनलोड गर्ने स्थानिय साथीहरु मेरो पछाडि उभिएका थिए । केहि बेर पछि त्यो महिलालाई संयमित हुन आग्रह गर्दै एकजना उनीहरुकै पक्षको नेपाली केटोले गाडिमा लगेर राख्यो ।

८,१० मिनेट पछि ती महिला फेरि गाडिबाट निस्केर सरासर कम्पाउण्ड भीत्र आउन थालिन । माथि छतबाट मेरो स्टापहरुले हेरेको रहेछन् । यस्ले आज दाईलाई हातपात गर्न नै खोजेको छ भन्ने ठानेर दौडदै तल आएछन् । त्यो महिला म भए तिर नआएर ती सामान लोड गर्ने मज्दुर भएतिर गईन र उनीहरु अगाडि उभिएर भाषण शुरु गरिनः यसलाई तिमिहरुले पहिला किन भोट हालेको ?, अब यस्लाई भोट नगर्नु, यस्ले मलाई दुःख दियो भन्दै थिईन , मेरो स्टापले दाईलाई भोट नहाल भन्ने त को होस भनेर गालामा बेस्सरी झापट लगाई हाल्यो, ( हाम्रो अफिसमा १महिना देखि मात्र काम शुरु गरेको र १२ कक्षा पड्दै गरेको केटो त्यस प्रकारको आक्रमक होला भन्ने सोचिएन ) त्यो महिला रन्थनिदै ५,७ फिट टाडा गएर लडिन, उनलाई पहिल्यै देखि संहाली रहेको नेपाली केटोले उठाएर गेट बाहिर लिएर गाडिमा राख्यो । मैले कामदारहरुलाई छिटो समान लोड गरिदिन भने, मेरो स्टापहरुलाई गाली गरे । भएको घटना यत्ति हो ।

**पार्टीले मलाई सोधेको प्रशन बारेः**

पार्टीले मलाई किन त्यो महिलामाथि हातपात हुदा मुकदर्शक भएको भनेर सोधेको छ । ती महिला म भन्दा केहि फिट टाडै मजदुरहरुको अगाडि उभिएर अंग्रेजीमा भाषण गर्दै थिईन, मज्दुरहरुले के भन्दैछ भन्ने नबुझेर त्यात्तिकै ट्वाँ.. परेर सुनि रहेका थिए । त्यो केटो १२ पड्दै गरेको भएर बुझेछ र हानेछ । म अलि पर कुर्सिमा बसिरहेको मानिसले एकएक प्रहार गर्नेलाई कसरी रोक्नु ? भाषण सुनेर चुपचाप उभिरहेको त्यो केटो भित्रभित्रै रिसाई सकेको छ र त्यसले आक्रमण गर्छ भनेर मैले कसरी थाहा पाउने ??? कसरी रोक्ने ?? अध्यक्ष कमरेड यो प्रकारले हुने घटनालाई रोक्ने कुनै उपाए भएको भए मलाई बताई दिनु । त्यस्तो प्रबिधि वा उपाया भएको भए अस्ती माला लगाउन उभिएको मानिस बाट के.पी. बा ले झापट खाने थिएनन् । रबिले खोया खाने थिएनन् । गएका वर्षहरुमा झलनाथले चप्पल खाने थिएनन् । त्यति ठूला नेताहरुलाई त राज्य संयान्त्रले जोगाउन सकेन, म यो पार्टीको वैकल्पिक केन्द्रिय सदस्यले कसरी जोगाउन सकुला ?? यस प्रकाको आकस्मिक घटना नरोकेको भनेर कार्वाही गर्ने हो भने त... ?... यो निकै हास्यास्पद हुन्छ ।

माहासचिव कमरेड र विमलालाई मलाई कार्वाही नगरि नहुने भन्ने लागेको छ भने अरु नै उपाया खोज्नु ।

**घटना पछिको अवस्थाः**

घरको दोश्रो तलामा मेरो भाई भीमराज के.सी. खुट्टा फ्याक्चर भएकोले आराम गरि रहेको थियो । मैले उस्लाई तल केहि लफडा भएको छ । मरासिनीलाई बोलाएर सहजी करण गर्नु, यो भान्से भाईले चिनियाँ महिलालाई एक झापट हानेको छ चौकिमा गएर छलफल गराउनु भने र म बजारबाट बल्व, अन्य किलाकाँटा जम्मा गरेर आठविसकोट १४ तिर स्वयंम सेवकहरुलाई पुर्याउन हिडे ।

भीमराजले संपूर्ण घटनाक्रमलाई सि.सि.क्यामेराको रेकर्डमा हेरेछ । मरासिनीलाई बोलाएर छलफल गरेछ र चौकि मा उजुरी गरेर त्यहि छलफल गर्ने कुरा भएछ । ती महिलाको तर्फबाट चौकिमा उजुरी भयो, छलफल भयो । लफडा पछि ती महिला केहि बेर गाडिमा बसेर रोएको र त्यस पछि शान्त मूडमा देखिएको बुझियो उनले त्यो हान्ने केटोलाई त मेरो छोरो जस्तो रहिछस, तेरो बोसको पक्षमा लागेर मलाई हानिस, अब उपरान्त यसो नगर्नु, आज म तलाई माफ गर्छु भनिछन् । मिलापत्र गरि त्यो भान्से केटो र अर्को स्टाफ जो घटना हुदा त्यहि आगनमा

थियो लाई चौकि बाट घर पठाईयो । ती महिला सल्यान हुदै काठमाण्डौं जाने कुरा भएछ । चिनियाँ टोलीले मेरो भाई संग टिप्पर मागेछ । टिप्परहरुमा उनीहरुको सामान लोड गरेर सानीभेरी तिर पठाएछन् र यसरी त्यो विवाद मिलिसक्यो भनेर मैले भाई मार्फत जानकारी पाए ।

**घटनाको नयाँ र अनौठो मोडः**

मेरो घरमा केहि घटना भएको जब देब गुरुङ र बिमलालाई थाहा भयो त्यस पछि गृह मंत्रालयबाट जाजरकोट प्रहरीमा मलाई गिरफ्तार गर्ने, मुद्धा चलाउने आदि आदेश फर्मानहरु जारी हुन थालेछ । बिमला रिम्ना मेरो घरमा पुगेर त्यहाँको परिबेश बुझ्ने, मोवाईलमा भिडियो रेकर्ड गर्ने, चिनियाँ महिलालाई मुद्धाको लागि जाजरकोट लैजान उक्साउने आदि कार्य भएछ । ईन्स्पेक्टर मार्फत चिनियाँ महिलालाई जाजरकोट लगियो । साँझ परेपछि रिम्नाको ईनिस्पेक्टरले भान्से केटोलाई बोलायो । मिलि सकेको केशमा अनावश्यक दवाव आयो भन्दै, नरमाईलो मान्दै त्यो केटोलाई गिरफ्तार गरि जाजरकोट लग्यो । त्यो रात त्यहि थुनियो ।

२१ गते विहान, म मुसिकोटमा थिए । यो सबै घटनाक्रम सुने । देब गुरुङ र बिमला मेरो विरुद्ध लागेको स्पष्ट भयो । चिनियाँ महिला सदरमुकाममा उजुरी दर्ता नगरि हिडिछन् । मरासिनीले मुद्धा दर्ता गर्न प्रहरी बाट दवाव आईरहेको छ भने । मैले उजुरी दर्ता गर्न जान्छौं कि मिलापत्र गर्छौं त भनि सोध्दा उनले ३ वटा सर्तमा मुद्दा दर्ता नगर्ने कुरा गरे :

१) चिनियाँ महिला संग मैले माँफि माग्ने ।
२) चिनियाँ महिलाको उपचार खर्च व्यहोर्ने ।
३) राहात सामाग्रीको वितरण र गुणस्तरबारे कुरा नउठाउने ।

मेरो जवाफ थियोः

१) चिनियाँ महिलालाई मेरो स्टापले कुटेकोमा म माँफि माग्न तयारै छु । यसमा मलाई कुनै आपत्ति छैन् । म फोन बाट वा भोली काठमाण्डौ जादैछु भेटेरै माँफि माँग्छु । हिजोको दिन हामी दुवैको लागि निकै खराव रहयो मलाई पछुतो छ भने ।

२) उनको उपचार खर्च व्याहोर्न हामीलाई कुनै आपत्ति छैन् , राम्ररी उपचार गर्नु र विल पठाउनु भनियो ।

३) तेस्रो बुदामा कुनै सहमति हुदैन् । तिमिले सि.डि.यो., पत्रकार कसैलाई टेर्दैनौ । पचाई हालिन्छ ठूला नेताहरु साथमा छन भन्ने ठानेका छौं । छिटो मुद्दा दर्ता गर र म मुद्दा दर्ता हुने वित्तिकै यी मानिसहरुका यी कर्तुत बारे बोले बाफत जेल जाँदैछु भन्न पाउछु र यो आवाज अलिक ठूलो हुन्छ । छिटो मुद्दा दर्ता गर भने । उनी नजवाफ भए ।

यीनीहरुले मुद्दा दर्ता गर्लान नै भन्ने ठानेर मैले प्रेस नोट तयार पार्नतिर लागे । १२ वजे तिर फेरि मरासिनीको फोन आयोः मैले तपाईको कुरा चिनियाँलाई भने, काठमाण्डौं आएको बेला भेटेर माँफि माग्नु पर्‍यो भन्छन । मुद्दा दर्ता गर्दैनौ भन्छन भन्ने खबर पाईयो । म प्रेस नोटको झमेला तिर लागिन ।

करिब २ वजेतिर गिरफ्तार गरिएको केटोलाई छोड्लान भनेको त पुलिसको भ्यान आएर मरासिनीलाई पो लगेर जाजरकोट जि.प्र.का.मा पहिल्यै लेखेको मुद्दामा सहि गराउन खोज्छ । मरासिनीले सहि गर्न मानेनन् । मुद्दाको इनिस्पेक्टरले मुद्दा दर्ता गर्न निकै दवाव गर्‍यो । बिमला र गुरुङको पावर फेरि त्यहाँ देखा पर्‍यो ।

पछि चिनियाँ महिलाले नै प्रहरीलाई फोन गरेर मुद्दा दर्ता नगर्ने भने पछि प्रहरी पछि हट्यो र आफैले मुचुल्का गरि सार्वजनिक शान्ती सुरक्षा खललमा म लगाएतलाई मुद्दा दर्ता गरि त्यो भान्से केटोलाई २५ दिन हिरासत राखि ५ हजार धरौटीमा छोड्यो ।

यसरी राज्य शक्तिको दुरुपयोग बाट केहि गर्न नसक्ने देखिए पछि क.बिमला समेतको दवाबमा देब गुरुङले मलाई पार्टी बाट निकाल्न स्थाई कमिटिमा प्रस्ताव लगेको स्पष्ट छ ।

म देब गुरुड. जस्तो दुनियाँ चाहारेर पार नलागे पछि क्रिया खर्च जुटाउन पार्टीमा ढडिया थापेर बसेको मान्छे होईन । मैले मेरो क्षेत्रका जनता र कार्यकर्ताको मनमा मेरो लागि अलिकत ठाँउ बनाएको छु । त्यहि मेरो लागि काफि छ । मैले यो पार्टीमा मेरो लागि कहिल्यै कुनै पद माँगिन, कहिल्यै केन्द्रिय सदस्य, कहिल्यै जिल्ला सदस्य तिमिहरु आफै बनाउछौ , त्यो देउ कि राख आज सम्म मतलव गरिएन ।

तर हिजो आज यो भ्रष्ट र फन्टुस माहासचिव देख्दा लाग्न थालेको छ, अब यसलाई लखेटेर म आफै माहासचिव बन्छु । यो पार्टीमा भ्रष्टहरुको विनास गर्न संकल्प गरेको छु ।

धन्यवाद ।

श्री गोर्ख बहादुर के.सी.
वैकल्पिक केन्द्रिय सदस्य
ने.क.पा.(माओवादी)

नोटः मुक्ति मरासिनी देबगुरुड. को सहोदर भदैनीको लोग्ने भएको र यी एकाघरका नातेदार रहेको तथा देब गुरुड.ले नै भनसुन गरि चिनियाँहरुको प्रोजेक्ट मरासिनीको संस्थालाई दिलाएको तथा यसको भष्टाचार बाट हुने आम्दानीमा यी दुबै हिस्सेदार रहेको बारेमा पार्टी र सरकारले गंभिरतापूर्वक छानविन गरोस ।